## कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

## रामपुर, चितवन

## कर्मचारी बढुवा सम्बन्धी विज्ञापन

**प्रकाशन मितिः २०७९/०२/२७**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको देहाय बमोजिमका रिक्त पदमा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अंक विभाजन एवम् सिफारिश सम्बन्धी कार्यविधि, २०७० बमोजिम बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता र एक श्रेणी मुनिको सम्बन्धित सेवा समूहको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका सम्भाव्य उम्मेदवारहरुले सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७९/०३/३० गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०७९/०४/०५ गतेसम्ममा सेवा आयोगको कार्यालय रामपुर चितवनमा दरखास्त दिनुहुन सूचना गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । दरखास्त फाराम सेवा आयोगको वेबसाइट www.afu.edu.np बाट प्राप्त गर्न सकिनेछ ।

**उम्मेदवारले दरखास्त दिँदा पेश गर्नुपर्ने कागजातहरूः**

१. उम्मेदवारले दरखास्तका साथ नेपाली नागरिकताको प्रमाणपत्र, प्रवेशिकादेखि माथिका सवै शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।

२. विदेशी विश्वविद्यालयबाट प्राप्त गरेका शैक्षिक प्रमाणपत्र भए कृषि तथा वन विज्ञान विश्वविद्यालय वा त्रिभुवन विश्वविद्यालयबाट समकक्षताको प्रमाणपत्र र श्रेणी नखुलेका शैक्षिक योग्यताको प्रमाण पत्र भए श्रेणी खुलेको पत्रको प्रमाणित प्रतिलिपी ।

३. स्थायी, अस्थायी, करार, मासिक र समायोजन नियुक्ति तथा तालिम सम्बन्धी प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।

४. अटुट रूपमा कार्य गरेको अनुभव सम्बन्धी कागजातको प्रतिलिपी ।

५. कृषि तथा वन विज्ञान विश्वविद्यालय वाहिर अन्य संस्थामा वेतलवी काजमा काम गरेको भए वा अध्ययन बिदा वा वेतलवी बिदा लिएको भए सो को अवधि खुल्ने कागजातको प्रतिलिपी ।

६. व्यक्तिगत बायोडाटा २ प्रति ।

७. आवदेन फारम साथ कृषि तथा वन विज्ञान विश्वविद्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड रामपुर शाखाको खाता नं. ०८५००१०६४२०८३१००००१ मा आवेदन दस्तुर रू.५००।- सहित अधिकृत प्रथम स्तरका लागि रू.३०००।-, अधिकृत द्वितीय स्तरका लागि रू.२५००।-, अधिकृत तृतीय स्तरका लागि रू.२०००।- र सहायक प्रथम स्तरका लागि रू.१५००।- आवेदन दस्तुर जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

| क्र.सं. | बढुवा सूचना नं. | पद | श्रेणी/तह | पद संख्या |
|---|---|---|---|---|
| १. | १/०७८/०७९ | सहप्रशासक | अधिकृत प्रथम | १ |
| २. | २/०७८/०७९ | उपप्रशासक | अधिकृत द्वितीय | १ |
| ३. | ३/०७८/०७९ | सहायक प्रशासक | अधिकृत तृतीय | १ |
| ४. | ४/०७८/०७९ | सहायक लाइब्रेरियन | अधिकृत तृतीय | १ |
| ५. | ५/०७८/०७९ | लेखा अधिकृत | अधिकृत तृतीय | २ |
| ६. | ६/०७८/०७९ | कानून अधिकृत | अधिकृत तृतीय | १ |
| ७. | ७/०७८/०७९ | ल्याब अधिकृत | अधिकृत तृतीय | १ |
| ८. | ८/०७८/०७९ | लेखापाल | सहायक प्रथम | २ |
| ९. | ९/०७८/०७९ | आइटी सहायक | सहायक प्रथम | १ |